
नेपाली

Vol.28 | 2022.10

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation



## ["OTA फुरेआइ फेस्ता 2022" को आयोजना गरिंदैछ!]

### यो सालको ओता सहरको सबैभन्दा ठूलो इभेन्ट "OTA फुरेआइ फेस्ता" को आयोजना गरिंदैछ।

**● पानीको क्षेत्र (बोटरेस हेइवाजिमा)**

यो ओता सहरको प्रतिनिधित्व गर्ने रेस्टुरेन्टहरू र प्रत्येक क्षेत्रको लोकप्रिय उत्पादनहरू बिक्री गरिने क्षेत्र हो।

**● सूर्यको क्षेत्र (हेइवाजिमा पार्क)**

यो दमकलको प्रदर्शनी, मिनी ट्रेन जस्ता बच्चालाई रमाइलो लाग्ने क्षेत्र हो।

यो साल साइज सानो बनाई आयोजना गरिनेछ। नोभल कोरोना भाइरस संक्रमण फैलावटको नियन्त्रण तथा रोकथामका उपायहरूको रूपमा स्टेज इभेन्ट र मान्छेहरूको भीड हुने आकर्षणहरू रद्द गरिनेछ। यसलाई सबैले बुझी, सहयोग गर्नुहुन अनुरोध गर्दछौं।



2022 साल नोभेम्बर 5 तारिख (शनिबार) र 6 तारिख (आइतबार)
दुबै दिन 10: 00 am~4:00 pm वर्षा भए तापनि आयोजना गरिनेछ।

पानीको क्षेत्र (बोटरेस हेइवाजिमा ओता सहर हेइवाजिमा 1-1-1)
सूर्यको क्षेत्र (हेइवाजिमा पार्क ओता सहर हेइवाजिमा 4-2-2)

प्रवेश शुल्क: निशुल्क

संस्कृति प्रवर्द्धन शाखा संस्कृति प्रवर्द्धन कर्मचारी
☎ 03-5744-1226 FAX 03-5744-1539
E-mail bunka@city.ota.tokyo.jp



···· कहिले ···· रकम ···· कति जना ···· आवेदन दिने तरिका ···· कहाँ ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

## [नोभल कोरोनाको भ्याक्सिनबारे]




ओता सहरमा नोभल कोरोनाको भ्याक्सिन लगाउने कार्य भइरहेको छ। विस्तृत जानकारीको लागि "आवेदन दिने ठाउँ (सम्पर्क स्थान)" मा सम्पर्क गरी सोधपुछ गर्नुहोस्। भ्याक्सिन लगाउने सम्बन्धी नयाँ जानकारीको लागि ओता सहरको होमपेजमा गई निश्चय गर्नुहोस्।

ओता सहर नोभल कोरोनाको भ्याक्सिन कल सेन्टर
☎ 03-6629-6342
(सोमबार~शनिबार 8:30 am~5:15 pm *आइतबार र बिदाको दिन बाहेक)
ओता सहर कोरोना भ्याक्सिन बहुभाषी दोभासे सेवा (नाम लेखाउन मद्दत गरिनेछ।)
☎ 03-6436-4731
(सोमबार~शनिबार 8:30 am~5:15 pm *आइतबार र बिदाको दिन बाहेक)

## [बहुसांस्कृतिक सहजीवनको वास्तविक अवस्था सर्वेक्षणमा सहयोग गर्नुहोस्]

यो सम्पूर्ण सहरवासीहरूको विचारलाई बहुसांस्कृतिक सहजीवन नीतिहरूमा प्रतिबिम्बित गर्नको लागि गरिने सर्वेक्षण हो। र्‍याण्डम स्याम्पलिङ विधिद्वारा चयन गरिएको 18 वर्ष वा सोभन्दा माथिका 4,500 जना व्यक्तिहरूलाई यो सर्वेक्षण पत्र पठाइनेछ। सहरबाट सर्वेक्षण पत्र प्राप्त गर्नुहुने व्यक्तिहरूले नछुटाईकन फिर्ता पठाउने खाममा हालेर हुलाक मार्फत अथवा WEB मा जवाफ दिनुहुन अनुरोध गर्दछौं। हामीलाई तपाईंहरू सबैको विचार सुनाउनुहोस्!



अक्टोबर 12 तारिख (बुधबार)~अक्टोबर 31 तारिख (सोमबार)

अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
☎ 03-5744-1227
FAX 03-5744-1323
E-mail t-kokusai@city.ota.tokyo.jp

## [शिशु स्याहार सेवा सल्लाहकारसँग काउन्टर परामर्श र फोन परामर्श]

शिशु स्याहार सुविधाहरूको जानकारी प्रदान गरिनुका साथै बच्चा हुर्काउने कुराहरू सम्बन्धी परामर्श दिइन्छ। नर्सरी स्कूलमा भर्ना गर्ने विचार गरिरहनुभएका व्यक्तिहरू मध्ये विभिन्न प्रकारका शिशु स्याहार सुविधाहरूको प्रयोग दायरा उमेर, विशेषताहरू, आवेदन विधि आदिबारे परामर्श आवश्यक व्यक्तिहरूले सम्पर्क गर्नुहोस्।

- ○ काउन्टर परामर्श…आवेदन दिने ठाउँमा फोन गरी मिति र समय तोकेर नाम लेखाउनुहोस्।
- ○ फोन परामर्श…शिशु स्याहार सेवा सल्लाहकारलाई फोन गर्नुहोस् (नाम लेखाउनु पर्दैन)

सोमबार~शुक्रबार (सार्वजनिक बिदाको दिन बाहेक)
परामर्श समय 8:30 am~4:00 pm

ओता सहर कार्यालय मुख्य भवन 3F
शिशु स्याहार सेवा शाखा

काउन्टर परामर्शको खण्डमा, आवेदन दिने ठाउँमा फोन गरी मिति र समय तोकेर नाम लेखाउनुहोस्।

शिशु स्याहार सेवा शाखा शिशु स्याहार सेवा प्रयोग सहायक कर्मचारी
शिशु स्याहार सेवा सल्लाहकार
ओता सहर कार्यालय मुख्य भवन 3F
☎ 03-5744-1617
FAX 03-5744-1715

## [निवासी कर भुक्तानीबारे]

चरण 3 को विशेष सहर निवासी कर तथा जिल्ला निवासी कर (निवासी कर) को भुक्तानी म्याद अक्टोबर 31 तारिख हो। म्यादसम्ममा भुक्तानी गर्नुहोस्। चरण 4 को भुक्तानी म्याद 2023 साल जनवरी 31 तारिख रहेको छ। नबिर्सीकन भुक्तानी गर्नुहुन अनुरोध गर्दछौं। कर भुक्तानी सम्बन्धी परामर्शको लागि ओता सहरको होमपेजमा हेर्नुहोस्।

कर भुक्तानी शाखा
☎ 03-5744-1205
FAX 03-5744-1517

## 【विदेशी बालबालिकाहरूलाई ओता सहरद्वारा सञ्चालित प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा भर्नाको आवेदन】

2023 साल अप्रिलमा ओता सहरद्वारा सञ्चालित प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा भर्ना गर्न चाहने विदेशी बालबालिकाहरूको लागि, विद्यालयमा भर्नाको आवेदन दिनुपर्नेछ। दायरामा पर्ने व्यक्तिहरूलाई अक्टोबरको पहिलो हप्ता तिर विद्यालयमा भर्नाको जानकारी पठाउने योजना रहेको छ।

(दायरामा पर्ने व्यक्तिहरू)

2016 साल अप्रिल 2 तारिख~2017 साल अप्रिल 1 तारिखमा जन्मेका बालबालिकाहरू (प्राथमिक विद्यालयमा भर्ना)

2010 साल अप्रिल 2 तारिख~2011 साल अप्रिल 1 तारिखमा जन्मेर ओता सहरको प्राथमिक विद्यालयबाट स्नातक गर्ने अपेक्षा गरिएका बालबालिकाहरू (निम्न माध्यमिक विद्यालयमा भर्ना)

*यसमा निम्न माध्यमिक विद्यालयको पहिलो ग्रेडमा भर्ना हुने उचित उमेर अघि जन्म भई, तल्लो ग्रेडमा झरेर हाल ओता सहरद्वारा सञ्चालित प्राथमिक विद्यालयको 6 ग्रेडमा अध्यनन गरिरहेका बालबालिकाहरू पनि पर्छन्।

*कुनै परिस्थितिले गर्दा आवेदन म्याद बितेको खण्डमा, शैक्षिक मामिला शाखाको विद्यालय भर्ना तथा मार्गदर्शन कर्मचारीलाई सम्पर्क गरी सोधपुछ गर्नुहोस्।





विद्यालय भर्ना सम्बन्धी जानकारी खैरो खाममा प्राप्त हुनेछ।

म्याद 2022 साल अक्टोबर 24 तारिख

अभिभावकले आवेदन दिने ठाउँमा बसोबास कार्ड (रेजिडेन्स कार्ड) अथवा विशेष स्थायी बसोबासी (पिआर) प्रमाणपत्र लिएर गई आवश्यक प्रक्रिया गर्नुहोस्।

शैक्षिक मामिला शाखा, विद्यालय भर्ना तथा मार्गदर्शन कर्मचारी (निस्सेइ आरोमा स्क्वायर 5F)




शैक्षिक मामिला शाखा, विद्यालय भर्ना तथा मार्गदर्शन कर्मचारी

☎ 03-5744-1429

FAX 03-5744-1536

## 【विदेशी अभिभावकहरूको लागि प्राथमिक स्कूल गाइड】

"विदेशी अभिभावकहरूको लागि प्राथमिक स्कूल गाईड" भनेको विदेशी बुबाआमाहरूले ओता सहरको प्राथमिक विद्यालयबारे सजिलै बुझ्न सक्ने गरी व्याख्या गरिएको पुस्तिका हो। यसमा "प्राथमिक विद्यालयको 1 वर्ष", "विद्यालयको 1 दिन", "अभिभावकले गर्ने कुराहरू", "विद्यालयमा भर्ना गर्नु अघि तयारी गर्ने कुराहरू" आदि चित्र सहित लेखिएका छन्। "विद्यालयमा प्रयोग गरिने भाषा" को पढ्ने तरिका र अर्थ पनि लेखिएको हुनाले यसलाई शब्दकोशको रूपमा पनि प्रयोग गर्न सकिन्छ। यसको सजिलो जापानी भाषा, अंग्रेजी, चिनियाँ, टगालोग, नेपाली र भियतनामिज गरी 6 भाषा संस्करणहरू छन् र यो GOCA को होमपेजबाट निशुल्क डाउनलोड गर्न सकिन्छ।




(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ

☎ 03-6410-7981　FAX 03-6410-7982　E-mail mail@ota-goca.or.jp

नबुझ्ने कुरा भएमा, अन्तर्राष्ट्रिय सहर ओता संघ बहुभाषी परामर्श काउन्टरमा सम्पर्क गरी सोधपुछ गर्नुहोस्।

सम्पर्क स्थान　☎ 03-6424-4924　ओता सहर कामाता 4-16-8 2F　ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र

···· कहिले　···· रकम　···· कति जना　···· आवेदन दिने तरिका　···· कहाँ　···· आवेदन दिने ठाउँ　···· सम्पर्क

# खेलकुदको शरद् ऋतु



## ["Ota स्पोर्ट्समा अन्तर्राष्ट्रिय आदानप्रदान" <फुटसल>]

के तपाईं खेलकुदद्वारा अन्तर्राष्ट्रिय आदानप्रदान गर्न चाहनुहुन्छ? ओता सहरमा बसोबास गर्ने, काम गर्ने र अध्ययन गर्ने जापानी र विदेशी युवाहरूको आदानप्रदानको लागि, "Ota स्पोर्ट्समा अन्तर्राष्ट्रिय आदानप्रदान" <फुटसल ⚽> को आयोजना गरिनेछ। राष्ट्रियता र भाषाको सीमालाई नाघेर खेलकुदद्वारा आदानप्रदान गरौं♪ फुटसल मन पर्ने व्यक्ति, पहिलो पटक खेल्ने व्यक्ति अनि राम्रोसँग खेल्न नआउने व्यक्ति, जसले पनि भाग लिन सक्नेछन्!



2022 साल डिसेम्बर 11 तारिख (आइतबार)
1:00 pm~4:00 pm

स्योवाजिमा निच्योमे पार्क फुटसल ग्राउन्ड, युवा फुटबल मैदान (योजना)

0 येन　　15 जना जति

अन्तर्राष्ट्रिय सहर ओता संघ (GOCA) को होमपेज

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
〒144-0052　ओता सहर कामाता 4-16-8 2F
☎ 03-6410-7981　FAX 03-6410-7982
E-mail mail@ota-goca.or.jp



प्रकाशन　ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-0052 ओता सहर कामाता 4-16-8 2F ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)　☎ 03-5744-1227　FAX 03-5744-1323
हामीले यो जानकारीपत्र वर्षमा 8 पटक 6 भाषाहरू (सजिलो जापानी, अंग्रेजी, चिनियाँ, नेपाली, टगालोग र भियतनामिज) मा प्रकाशन गरिरहेका छौं।
यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता सहरका सुविधाहरू र JR खामाता, ओमोरी, केइक्यु खामाता जस्ता सहर भित्रका प्रमुख स्टेसनहरूमा वितरण गरिन्छ।